## सम्माननीय राष्ट्रपतिज्यू

### शुभकामना सन्देश

११५ औँ अन्तर्राष्ट्रिय महिला दिवसको शुभ अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी, महिला अधिकारकर्मीलगायत महिलाको हक, अधिकारको संरक्षण र प्रवर्द्धनको क्षेत्रमा क्रियाशील सबैमा सुख, शान्ति एवम् समृद्धिको लागि शुभकामना व्यक्त गर्दछु । महिला अधिकार तथा लैङ्गिक समानता प्रवर्द्धनका पूर्ण प्राप्तिका लागि हरेक वर्ष आठ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाउने गरिएको छ । यस वर्ष अन्तर्राष्ट्रिय महिला दिवसको लागि संयुक्त राष्ट्र संघबाट "For All Women and Girls : Right, Equality and Empowerment" ( सबै महिला तथा बालिकाको लागि : अधिकार, समानता र सशक्तिकरण ) भन्ने आदर्श वाक्यका साथ यो दिवस मनाइरहेका छौं । विश्वभरि विभिन्न क्षेत्रमा कार्यरत महिलाहरूको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धि स्मरण गर्दै महिलाहरूको प्रविधिमा पहुँचको विस्तार गर्ने, महिला सशक्तिकरण अभिवृद्धि गर्ने, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूलन गर्ने र महिलालाई शिक्षित र आत्मनिर्भर बनाउने एवम् उचित सम्मान गर्नेलगायतका उद्देश्यसहित अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आइएको छ । संविधानले अवलम्बन गरेको समानुपातिक समावेशी सिद्धान्त राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा महिलाको अर्थपूर्ण प्रतिनिधित्व र नेतृत्व स्थापित गर्न कोशेढुङ्गा सावित भएको छ । लैङ्गिक समानता र महिला सशक्तीकरणको उद्देश्य पूरा गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, नीति निर्माण एवम् निर्णय प्रकृया, राजनीतिजस्ता राज्यका हरेक क्षेत्रमा महिलाहरूको पहुँच समानरूपमा सुनिश्चित हुनुपर्ने महसुस मैले गरेको छु । परम्पराका नाममा समाजमा रहेका खराब अभ्यास एवम् प्रथाको कारण किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटना बढ्ने यस्ता प्रथालाई निर्मूल गर्न थप प्रभावकारी एवम् सिर्जनात्मक कार्यक्रम आयोजना गर्न जरूरी देखिन्छ । जनसंख्याको आधा हिस्सा ओगटेका महिला सशक्त भएमा सिङ्गो परिवार, समाज र समग्र राष्ट्र नै समृद्धिको मार्गमा अगाडि बढ्ने हुदाँ यसतर्फ विशेष ध्यान पुऱ्याउन जरूरी देखिएको छ । अन्तर्राष्ट्रिय महिला दिवसको पावन अवसरमा महिला विरूद्ध हुने सबै प्रकारका हिंसा, विभेद र उत्पीडनको अन्त्य गर्ने काममा आ-आफ्नो क्षेत्रबाट योगदान गर्न सम्बन्धित सबैलाई आव्हान गर्दछु । अन्त्यमा, यस दिवसले हामी सबैलाई महिलाहरूको हक, अधिकार, समानता, सशक्तिकरण तथा सम्मानप्रति पूर्ण संवेदनशील भई कार्य गर्न सबैमा थप उर्जा ,उत्साह एवम् प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

जय नेपाल !

२०८१ फागुन २४ गते शनिबार ।

ने.सं. ११४५ चिल्लाथ्व नवमी ।

*****

## सम्माननीय प्रधानमन्त्रीज्यू

### शुभकामना सन्देश

महिला अधिकार स्थापित गर्ने संघर्षको दिनका रुपमा आज ८ मार्चलाई विश्वभर अन्तर्राष्ट्रिय महिला दिवसको रुपमा मनाउने गरिएको छ । यस वर्ष **For all women and girls: Right, equality, and empowerment** अन्तर्राष्ट्रिय तथा **सबै महिला तथा बालिकाको लागि: अधिकार, समानता र सशक्तिकरण** भन्ने राष्ट्रिय मूल नाराका साथ हामी महिला दिवस मनाइरहेका छौ। संसारभरका महिलाहरुलाई समानताको हक अधिकार स्थापित गर्ने यस प्रेरणादायी दिवसका अवसरमा म सम्पूर्ण दिदीबहिनीहरुमा सुस्वास्थ्य, सुख र समृद्धी एवं सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालको राजनीतिक, आर्थिक, सामाजिक रुपान्तरणमा महिलाहरुको सहभागिता र नेतृत्व विश्वकै लागि अनुशरणीय रहँदै आएको छ । ऐतिहासिक जनआन्दोलन लगायतका परिवर्तनका सबै आन्दोलनहरुमा नेपाली महिलाहरुले अग्रमोर्चामा रहेर नेतृत्व गरेको तथ्य नेपाली राजनीतिक इतिहासमा स्वर्णाक्षरले लेखिएको छ । देशको विकासका लागि जनसंख्याको आधाभन्दा बढी भाग ओगट्ने महिला दिदीबहिनीहरुको समान सहभागिता अत्यन्त जरुरी छ ।

हाम्रो संविधानमा महिलाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्त आधारमा सहभागी हुने हक सुनिश्चित गरिएको छ। संसदमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व संविधानद्वारा नै सुरक्षित गरी एसियामै राजनीतिमा महिलाको उच्च सहभागिता हुने मुलुकमा नेपाल पर्न सफल भएको छ। आज स्थानीय तहमा हजारौ महिलाहरुको प्रतिनिधित्वले राजनीति र विकासमा महिलाको योगदान बढेको छ । लैङ्गिक समानता र महिलाको विकासका लागि राज्यको तर्फवाट भएका नीतिगत, कानूनी, संरचनागत एवम् प्रक्रियागत सुधारको फलस्वरुप राजनीति र प्रशासनको क्षेत्रमा महिलाहरुको प्रतिनिधित्व उल्लेखनीय रुपमा वृद्धि भएको छ। शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका सूचकहरुमा पनि सकारात्मक सुधार भएका छन् ।

यद्यपि समाजको न्युन चेतनाका कारण समाजमा महिला हिंसा र उत्पीडनका अवशेषहरु कायम छन् । कानूनी प्रबन्ध र राज्यको प्रयासले मात्र यस्ता उत्पीडनहरुलाई निमिट्यान्न पार्न सकिंदैन । त्यसका लागि सामाजिक जागरुकता आवश्यकता पर्दछ । यस्तो जागरुकताको अभावका कारण महिला र पुरुष बराबरी भनिए पनि समाजमा भेदभाव र असमानताहरु कायमै छन् । महिलामाथि यौन हिंसाजस्ता जघन्य अपराधका घटना हामी दिनदिनै सुन्न र भोग्न वाध्य छौं। अज्ञानता र क्रीतिको आड लिएर हुने खराव अभ्यासका कारण वोक्सी, छाउपडी, दाइजो, बालविवाह र जातीय विभेदजस्ता उत्पीडनकारी अवशेष कायमै छन् । यसले महिलामाथि दुर्व्यवहार र हिंसालाई दुरुत्साहन गरिरहेको छ । यसखाले अपराधलाई निरुत्साहन गर्न समाजका सबै पक्षले सहकार्य गरी रचनात्मक रुपमा जनचेतना जगाउनु आवश्यक छ । यस्ता विभिन्न प्रकार र स्वरुपका लैङ्गिक विभेद तथा हिंसाका घटनाहरुलाई जरैदेखि निर्मूल गर्न अपराधीलाई कडा कारवाही र पीडितलाई उचित क्षतिपूर्ति समेतको कानूनी व्यवस्था तथा समाजमा नैतिक जागरण र सचेतना अभियान चलाउनु आवश्यक छ ।

समृद्ध नेपाल, सुखी नेपालीको हाम्रो गन्तव्यमा सामाजिक न्याय महत्वपूर्ण आयाम हो । वर्तमान सरकारले मुलुकमा सुशासन, विकास र सामाजिक न्यायको प्रत्याभूत हुनेगरी काम गरिरहेको छ। मेरो नेतृत्वको विगतको सरकारले महिला र किशोरीमाथि हुने बलात्कार र हिंसाको नियन्त्रण र कारवाहीसम्बन्धी कानूनी व्यवस्थालाई थप कडा बनाउँदै तेजावजन्य पदार्थको आक्रमण गर्नेलाई सजाय बृद्धि तथा पीडितलाई उचित क्षतिपूर्ति र रोजगारीको व्यवस्था हुनेगरी कानूनलाई सुदृढ बनाएको थियो ।

महिला दिदीबहिनीहरुलाई सम्मानपूर्वक व्यवहार गर्ने संस्कृतिको विकास गरी महिलाविरुद्ध हुने हिंसा अन्त्य गर्न तथा मुलतः शिक्षामा जोड दिदै महिलाको सशक्तिकरण गर्ने अभियानमा सबै एक भएर लाग्न सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा म हार्दिक आह्वान गर्दछु। र, अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनीरुमा पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

*****

## माननीय मन्त्रीज्यू

### शुभकामना सन्देश

महिलाका अधिकार स्थापित गर्ने विषयलाई लिएर सुरु भएको महिला आन्दोलनले विभिन्न आरोह अवरोह पार गर्दै **"For All Women and Girls: Right, Equality and Empowerment"** भन्ने अन्तराष्ट्रिय नारा सहित आज हामी ११५औं अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदैछौं। यो महत्वपूर्ण दिवसको अवसरमा हामीले राष्ट्रियस्तरमा **"सबै महिला तथा बालिकाको लागि :अधिकार, समानता र सशक्तिकरण "**राष्ट्रिय नारा तय गरेका छौं। यस अवसरमा सम्पूर्ण दिदीबहिनी, दाजुभाई महिला हक अधिकारको संरक्षण र प्रवर्द्धनको क्षेत्रमा अहोरात्र लाग्नु हुने सम्पूर्ण व्यक्ति तथा संघसंस्थाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

विश्वभरि विभिन्न क्षेत्रमा काम गर्ने महिलाहरूको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धिहरूलाई स्मरण गर्दै महिलाहरूलाई सम्मान दिनुका साथै महिलाहरूको निर्णय प्रक्रियामा पहुँचको विस्तार गर्ने, महिला सशक्तिकरण अभिवृद्धि गर्ने, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूल गर्ने, महिलालाई शिक्षित र आत्मनिर्भर बनाउने लगायतका उद्देश्यसहित अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आइएको छ ।

नेपालको संविधानले मौलिक हक अन्तर्गत धारा ३८ मा महिलामाथि हुने अत्याचार, शोषण, दमण र हिंसा जस्ता लैंगिक विभेद र अमानवीय व्यवहारहरु अन्त्य गरी पुरुष र महिलाबीच समानाताको प्रत्याभूति गर्न महिलाको हक सुनिश्चित गरेको छ । संविधानमा महिलाको सम्मानजनक सहभागिता सुनिश्चित गर्ने व्यवस्था रहेको साथै संयुक्त राष्ट्र संघले सन् २०३० सम्म हासिल गर्नेगरी निर्धारण गरेको दिगो विकासका लक्ष्यहरु लैङ्गिक समानता कायम गर्ने, असमानता घटाउने, न्यायमा पहुँच पुऱ्याउने र शान्ति सुरक्षा कायम गर्ने विषयहरु महिला हितका लागि अपरिहार्य छ । लैङ्गिक समानता र महिला सशक्तीकरणको उद्देश्य पूरा गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, निर्णय प्रकृया र राजनीति जस्ता राज्यका हरेक क्षेत्रमा महिलाहरूको पहुँच समानरूपमा सुनिश्चित हुनुपर्ने महसुस गरेको छु ।

समाजमा कायम रहेका खराब अभ्यासहरू जस्तै बोक्सी, छाउपडी, बालविवाह, दाइजो तथा तिलकजस्ता प्रथाले महिला, किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटनाहरू निर्मूल गर्न मन्त्रालयले अभियानमूलक, संरक्षणात्मक तथा महिला सशक्तिकरणका कार्यक्रमहरु प्राथमिकताका साथ अघि बढाएको छ। सामाजिक पछौटेपन, अन्धविश्वास, कुरीति र त्यसबाट महिला तथा बालिकाले भोग्नुपरेका समस्या अन्त्यका लागि मन्त्रालयले चेतनामूलक तथा अभियानमूखी प्रयासहरु जारी राखेको छ। राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ तथा कार्यान्वयन कार्ययोजना संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन भइरहेको छ भने अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको प्रादेशिकरण र स्थानीयकरणका साथै नतिजामूलक कार्यान्वयनका लागि विविध प्रयासहरु अगाडि बढाइएको छ।

अन्त्यमा, अन्तर्राष्ट्रिय महिला दिवसलाई उत्सवको रुपमा मनाउन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दै महिलाको हक अधिकार सुनिश्चित गर्दै लैङ्गिक समानतामूलक राष्ट्र निर्माणको यात्रामा अघि बढ्न आजको दिनले सबैलाई हौसला प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

मिति : २०८१/११/२४

**नवल किशोर साह सुडी**
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

*****

## श्रीमान सचिवज्यू

### शुभकामना सन्देश

**"FOR ALL WOMEN AND GIRLS: RIGHT EQUALITY AND EMPOWERMENT"** भन्ने नाराका साथ विश्वभर मनाउन लागिएको अन्तर्राष्ट्रिय महिला दिवस, २०२५ को शुभ अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण आमा, दिदी, बहिनी, दाजुभाई लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु । विश्व महिला अधिकारको अभियान प्रारम्भ भएको दिन सन् १९१० मार्च ८ देखि हरेक बर्ष आजको दिनलाई अन्तर्राष्ट्रिय महिला दिवसको रुपमा मनाउन शुरु गरिएको हो।

लैङ्गिक समानता हासिल गर्न महिला तथा बालिकाको सुरक्षा र सामाजिक संरक्षणको पूर्ण प्रत्याभूतिका साथै सभ्य र न्यायपूर्ण समाज निर्माण गर्दै महिलाको भूमिकाको सम्मान हुन आवश्यक छ । मर्यादित र उत्पादनशील रोजगारीका अवसरहरुमा महिलाको समान पहुँच, पहिचान र अवसर सुनिश्चित नभई आर्थिक सशक्तीकरण सम्भव छैन । महिलाको उन्नति र प्रगति विना देशको समग्र विकास गर्न नसकिने हुँदा राज्यले महिला माथि लगानीलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने जरुरी देखिन्छ । यी विषयलाई मध्यनजर गर्दै यस वर्ष **"सवै महिला तथा बालिकाको लागि: अधिकार, समानता र सशक्तीकरण"** भन्ने नारा तय गरिएको छ।

नेपालले विगतदेखि अवलम्वन गर्दै आईरहेको संवैधानिक, कानूनी तथा संरचनात्मक व्यवस्था र सो को कार्यान्वयनको फलस्वरुप जननिर्वाचित निकाय, सरकारी सेवा, स्वास्थ्य, शिक्षा लगायत विविध क्षेत्रमा महिलाको पहुँच र सहभागिता उल्लेखनीय रुपमा बढ्दै गइरहेको छ। नेपालको संविधानले प्रत्याभूत गरेको समानताको हक प्रचलन गराउन साझा प्रयास र सामुहिक प्रतिवद्धताबाट महिला तथा बालिकाको हक हितको लागि क्षेत्रगत नीति कानुन तथा कार्ययोजना निर्माण गरी तीनै तहमा सरकारका नीति, योजना तथा कार्यक्रममा आन्तरिकीकरणका साथै लैगिंक सवालहरु मूलप्रवाहीकरण गर्दै लैङ्गिक समानता कायम हुने कुरामा विश्वस्त छौ ।

अन्त्यमा, महिला अधिकारको अभियानले अहिले सम्म हाँसिल गरेका उपलब्धी र यसको वढोत्तरी सहितको दिगोपना कायम गर्न आजको दिनले व्यक्तिगत, पारिवारिक तथा सार्वजनिक जीवनमा महिलाहरुको गुणात्मक सहभागिताको सुनिश्चितता गर्दै सबैलाई महिलाको सुरक्षा, सम्मान र आर्थिक सामाजिक अवस्थामा आमूल परिवर्तन भई समृद्धिको बाटोमा अगाडि बढ्न प्रेरणा मिलोस् भन्ने अपेक्षाका साथ शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

मिति : २०८१/११/२४

**लक्ष्मी कुमारी बस्नेत**
सचिव
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

*****

११५औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा सम्पूर्णमा हार्दिक शुभकामना ।